# अर्जुनधारा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
शनिश्चरे, झापा, कोशी प्रदेश, नेपाल


प.सं.२०८२/०८३
च नं.

मिति-२०८२/०९/१६

### सम्पुर्ण नगरवासीहरुमा अर्जुनधारा नगरपालिकाको अनुरोध,

### सूचना ! सूचना !! सूचना !!!

"जागरुक उपभोक्ता, जिम्मेवार बिक्रेता, सचेत नगरवासी, आजको आवश्यकता"

अर्जुनधारा नगरपालिका क्षेत्रभित्रका केही हाटबजार तथा पसलहरूमा म्याद गुज्रिएका खाद्य सामग्री, मासुजन्य पदार्थ, पेय पदार्थ तथा अखाद्य रङ मिसिएका खानेकुरा लगायतका सामग्रीहरू बिक्री-वितरण भइरहेको गुनासो प्राप्त भइरहेको सन्दर्भमा आम उपभोक्ताको स्वास्थ्यमा प्रत्यक्ष असर पुऱ्याउने यस किसिमका म्याद गुज्रिएका खाद्यवस्तु, औषधि लगायतका सामग्रीहरु बिक्री बितरण गर्नु कानुनद्वारा दण्डनीय अपराध हो। अतः उल्लेखित कार्यहरू नगर्न/नगराउनुहुन सम्पूर्ण व्यापारिक फर्म तथा पसलहरूलाई जानकारी गराइन्छ।

उपभोक्ताहरूले आफुले खरिद गरेको सामग्रीको उत्पादन मिति उपभोग्य मिति, परिमाण, शुद्धता तथा गुणस्तर हेरेर मात्र खरिद गर्नुहुन साथै आफूले खरिद गरेको सामग्रीको बिल/बिजक अनिवार्य रूपमा लिनुहुन अनुरोध छ।

यस सूचनाको बर्खिलाप हुने गरी सामग्रीहरू बिक्री-वितरण वा भण्डारण गरेको पाइएमा '**अर्जुनधारा नगरपालिकाको बजार अनुगमन निर्देशिका २०७४**' तथा अन्य प्रचलित कानुन बमोजिम त्यस्ता सामग्रीहरु जफत गरी नियमानुसार दण्ड जरिवान गरिने व्यहोरा समेत जानकारी गराइन्छ।

..............................
अनोज कुमार घिमिरे
प्रमुख प्रशासकीय अधिकृत


सम्पर्क नं. -०२३-५९७००२/०२३-४६५५०२
इमेलः arjundharamun@gmail.com/info@arjundharamun.gov.np
वेभसाइट- arjundharamun.gov.np